# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

नेपाल सरकार
अर्थमन्त्रालय
सिंहदरबार, काठमाडौं
एकीकृत निजामती कर्मचारी परिवहन सेवा सञ्चालन सम्बन्धी
सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मितिः२०७९।०५।०२)

**NCB No. MOF/S/01/2079-80**

सिंहदरवार परिसरभित्र र यसको आसपासका सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई तपसिल बमोजिमको शर्तको अधीनमा रही दैनिक दुई पटक ओसार पसार गर्ने गरी एकीकृत निजामती कर्मचारी परिवहन सेवा संचालन गर्न ईच्छुक यातायात व्यवसायीले प्रदान गर्ने सेवाको विवरण सहित सिलबन्दी दरभाउपत्र पेश गर्नहुन आह्वान गरिन्छ ।

तपसिल :

१ एकीकृत निजामती कर्मचारी परिवहन सेवा अन्तरगत यस मन्त्रालयलाई चालू आर्थिक बर्ष २०७९/०८० का लागि ४० सिट क्षमता भएका नयाँ मोडेलका २ थान बस संचालन गर्ने गरी शिलबन्दी दरभाउपत्रद्वारा भाडामा लिनु पर्ने भएकोले इच्छुक फर्म/व्यवसायीले यो सूचना प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिनभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नहुन अनुरोध गरिन्छ ।

२ सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात रु.१०००।– मन्त्रालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, सिंहदरबारमा रहेको राजस्व खाता नं. : १०००१००२०००१०००० कार्यालय कोड नं ३०५००३५०१ राजस्व शिर्षक नं १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर र फर्म दर्ता/नविकरण प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र तथा आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र पेश गरी मन्त्रालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

३ सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म पेश गर्न सकिनेछ। उक्त म्याद पछि पेश भएका बोलपत्र मान्य हुने छैनन् ।म्यादभित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न वा बुझाउन सकिनेछ ।

४ सिलबन्दी दरभाउपत्र दाताले कोष तथा लेखा नियन्त्रक कार्यालय भूक्तानी केन्द्र ४ सिंहदरबारको नाममा राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार स्थित धरौटी खाता नं.१९६०१००१०२०३०००० (कार्यालय कोड नं.३०५००३५०१)मा रु.५०,०००(पचास हजार मात्र) धरौटी वापत जम्मा गरेको सक्कल भौचर वा सोही रकम बराबरको मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट अर्थ मन्त्रालयको नाममा जारी कम्तिमा ७५ दिनको मान्य अवधि भएको नियमानुसारको बैंक जमानतपत्र पेश गर्नु पर्नेछ ।

५ सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने,अस्वीकार गर्ने,आंशिक स्वीकार गर्ने,रद्द गर्ने जस्ता दरभाउपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित हुनेछ ।

६ सामान्यतया एकीकृत निजामती कर्मचारी परिवहन सेवा दिनमा २ पटक(विहान कार्यालय समयभन्दा १५ मिनेट अगाडी (९.४५ बजे)सिंहदरवारको दक्षिण ढोकामा आईपुग्ने र बेलुका कार्यालय समयभन्दा १५ मिनेट पछि(५.१५ /शुक्रबार ३.१५ बजे) बस छुट्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

७ निजामती कर्मचारी एकीकृत परिवहन सेवा सञ्चालन सम्झौताको अवधि एक वर्षको हुनेछ ।

८ एकीकृत निजामती कर्मचारी परिवहन सेवा संचालन गर्नुपर्ने रुटहरु देहाय बमोजिम हुनेछन् ।
क) सिंहदरवार-सहिदगेट-त्रिपुरेश्वर-कालिमाटी-कलंकी-नागढुङ्गा-कलंकी-स्वयंभु-टंकेश्वर-कालिमाटी-त्रिपुरेश्वर-थापाथली-सिंहदरवार
ख) सिंहदरवार-नयाँबानेश्वर-कोटेश्वर-बालकुमारी-सातदोबाटो-लगनखेल-एकान्तकुना-जावलाखेल-पुल्चोक-कुपन्डोल-सिंहदरवार

९ एकीकृत निजामती कर्मचारी परिवहन सेवा संचालनमा प्रयोग हुने बसहरु दैनिक चुस्त,दुरुस्त,चालू र सफा हुनु पर्नेछ ।संचालनमा आएका सवारी साधन बिग्रिन गएमा त्यसको वैकल्पिक व्यवस्था गरी कर्मचारी परिवहन सेवा अवरुद्ध नहुने व्यवस्था समेत सेवा प्रदायकले गर्नु पर्नेछ ।

१० एकीकृत निजामती कर्मचारी परिवहन सेवाको गुणस्तर, नियमितता आदिका बारेमा निरन्तर अनुगमन हुनेछ तथा मन्त्रालयबाट तोकिए बमोजिम सेवा-प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत मन्त्रालयले सम्झौताका शर्त मुताविक आवश्यक कारवाही गर्न सक्ने छ ।

११ मन्त्रालयले खरिद प्रक्रिया कुनै कारण नखुलाई जुनसुकै बेला रद्द गर्न सक्नेछ ।

१२ अन्य कुरा प्रचलित कानून र सम्झौता बमोजिम हुनेछ ।

१३ यो सूचना मन्त्रालयको वेबसाईट https://mof.gov.np मा समेत हेर्न सकिनेछ ।